प्रदेश सरकार
भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
प्रदेश नं. १

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
# धनकुटा

सू.नं. २/२०७७-७८

## तेह्रथुम जिल्लाको लागी प्रस्ताव आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७७/५/३१
दरखास्त दिने अन्तिम मिति २०७७/०६/२०

यस विज्ञ केन्द्रको आ.व. २०७७/७८ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायका कार्यक्रमहरू कार्यान्वियनका लागि सम्वन्धित कार्यक्रम संचालन निर्देशिका/कार्यविधि २०७६ ले तोके बमोजिम सर्तहरू पालना गरी लागत साझेदारीमा संचालन गर्न ईच्छुक तेह्रथुम जिल्लाका आवेदकहरूबाट यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन सम्म कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगि वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराईन्छ ।

थप जानकारीको लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र धनकुटाको फोन नं. ०२६-५२२२८३ सम्पर्क केन्द्र तेह्रथुमको फोन नं. ०२६-४६०१२७ वा मोवाईल नं. ९८५२०६०१२७ मा सम्पर्क राख्न वा भुमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. १ विराटनगरको वेभसाईड **www.molmac.p1.gov.np** र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको वेभसाईड **www.dolfd.p1.gov.np** बाट "कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि २०७६" डाउनलोड गरी थप जानकारी लिन सकिने छ

**संचालन गरिने कार्यक्रमहरू**

| क्र.स. | कार्यक्रमको नाम | इकाई | परिमाण | अधिकतम साझेदारी रकम रू.(प्रति ईकाइ) | प्रस्ताव पेश गर्न सक्ने संभावित साझेदारहरू |
|---|---|---|---|---|---|
| १ | गाईफार्महरूलाई अनुदान (कम्तीमा ५ वटा गाईभैंसी पाल्ने कृषकहरूलाई) | संख्या | ५ | २,००,०००। (दुई लाख) | साना व्यवसायिक फार्ममा ५-१० वटा, मझौला व्यवसायिक फार्ममा ११-३० वटा माउ गाईभैंसी र ठुला व्यवसायिक फार्ममा ३० भन्दा बढी माउ गाईभैंसी हुनु पर्ने । |
| २ | व्यसायिक बाख्रा फार्महरूलाइ गोठ/खोर निर्माण/जैविक सुरक्षा तथा सुदृढिकरण सुधारमा अनुदान | संख्या | ४ | २,००,०००। (दुई लाख) | व्यवसायिक बाख्रा फार्ममा कम्तिमा २० वटा र समुह/सहकारीमा प्रतिव्यक्ति १० वटा प्रजनन् योग्य माउ बाख्रा हुनु पर्ने । |

लोकनाथ ढुंगाना
पशु विकास अधिकृत
नि. कार्यालय प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | व्यसायिक बंगुर फार्महरूलाइ गोठ/खोर निर्माण/जैविक सुरक्षा तथा सुदृढिकरण सुधारमा अनुदान | संख्या | ४ | २,००,०००। (दुई लाख) | सहकारी संस्था/समुह/व्यवसायिक फर्म पाठापाठी उत्पादनको लागि ५ माउ भुनी वा मासु उत्पादनको लागि १० वटा बंगुर पालेको हुनु पर्ने । |
| ४ | युवा लक्षित पशु विकास कार्यक्रम | संख्या | ८ | १,००,०००। (एक लाख) | शिक्षित वेरोजगार/एकल महिला/दलित/जनजाति/पिछडिएको वर्ग/सम्वन्धित बिषयमा तालिम प्राप्त युवा/बैदेशिक रोजगारबाट फर्किएका युवा । |
| ५ | कृषि तथा पशु सहकारी संस्था/समिति र अन्य संस्थाहरु संग सहकार्यमा व्यवसायिक पशुपालन कार्यक्रम | संख्या | १ | २०,००,०००। (बीस लाख) | सहकारी संस्था, व्यवसायिक संघ/संस्था, कृषक समुह/समितिहरु । |

प्रस्तावसाथ सम्मिलित हुनु पर्ने कागजातहरू:

१. रू. १० को हुलाक टिकट टाँसेको आवेदन पत्र ।

२. आवेदकको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।

३. संक्षिप्त व्यवसायिक कार्ययोजना/ व्यवसाय योजना।

४. कार्यक्रम कार्यान्वयन स्थलको स्वामित्व देखिने कागजातको प्रतिलिपी (धनिपुर्जा र नक्सा)।

५. लिजमा लिएको जग्गाको हकमा कम्तिमा १० बर्षको आधिकारिक करारनामा/ सम्झौता पत्र मंजुरिनामा र मालपोत तिरेको रसिद।

६. एकाघरको परिवारको सदस्यको नामको जग्गा भए मालपोत तिरेको रसिद सहित मजुरीनामा पत्र र मंजुरि नामा दिने र लिनेको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

७. प्रचलित कानुन बमोजिम आधिकारिक निकायमा संस्था/फर्म/व्यवसाय दर्ता/नविकरण र पान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपी ।

८. समुह/समिति/सहकारीको हकमा कार्य समितिको निर्णयको प्रतिलिपी ।

९. अधिल्लो आ.व.को लेखा परिक्षण प्रतिवेदन र करचुक्ता प्रमाणपत्रको प्रतिलिपी ।

१०. लागत साझेदारी गर्ने प्रतिवद्दता पत्र ।

११. विगत ३ बर्ष भित्र अनुदान नलिएको स्वघोषणा पत्र ।

१२. स्थानीय तह पशु सेवा शाखाको सिफारिस पत्र ।

१३. पशु बिमा गरेको हुनुपर्ने ।

नोट: व्यवसायिक प्रस्ताव योजनाको नमुना सम्वन्धित कार्यालयबाटै उपलब्ध गराईनेछ ।

लोकनाथ दुंगाना
पशु विकास अधिकृत
नि. कार्यालय प्रमुख